नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(..........................................शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

मिति : ..................................

# प्रेस विज्ञप्ति

धरहरा पुनःनिर्माणका लागि रकम संकलन गर्ने सम्बन्धी विषयमा मिति २०७३।०४।३० गते नागरिक दैनिक पत्रिकामा **"ओलीका मन्त्रीले ढाँटे जनता"** शिर्षकमा प्रकाशित समाचार सम्बन्धमा यस कार्यालयको ध्यानाकर्षण भएको छ । तत्कालीन प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूवाट **"मेरो धरहरा म बनाउँछु"** भन्ने अभियानको घोषणा भैसकेपछि सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय मन्त्री श्री आनन्दप्रसाद पोखरेलज्यूको २०७२ साल फागुन महिनाको तलवबाट र अन्य उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री, सहायक मन्त्रीज्यूहरु, यस कार्यालयका कर्मचारिहरु, सल्लाहाकार समूह र स्वकीय सचिवालयतर्फका कर्मचारीहरु समेतको २०७२ चैत्र महिनाको तलवबाट कट्टी गरी मिति २०७२।१२।१४ र २०७३।०१।२३ को पत्रसाथ राष्ट्रिय पुननिर्माण प्राधिकरणमा पठाइ सकिएकोले उक्त दैनिकमा प्रकाशित समाचारमा सत्यता नभएको व्यहोरा सम्बन्धित सबैको जानकारिको लागि स्पष्ट गरिएको छ ।

यस कार्यालयसंग सम्बन्धित विषयका समाचार तथा विवरणहरु प्रवाह गर्नु पूर्व कार्यालयमा संम्पर्क गरी विषयबस्तुको यथार्थ जानकारी लिएर सत्यतथ्य समाचार मात्र प्रकाशन/प्रशारण गर्नु हुन सम्बद्ध सबैमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय आग्रह गर्दछ।

२०७३ साउन ३० गते

.............................
विनोद बहादुर कुँवर
प्रवक्ता/सहसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np